
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

८३

वर्ष १०, अंक ४ | बुद्ध सम्वत् २५६६ | ने.सं. ११४३ चिल्ला थ्व | वि.सं. २०७९ फागुन २२ फागु पुन्ही



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)

म बुद्धको शरणमा जान्छु,

म धर्मको शरणमा जान्छु,

म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,

दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,

दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,

तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,

तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।

म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।

म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।

यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।

म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ

*साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट*

# अर्हत

त्रैमासिक

वर्ष ५ अङ्क ४ | बुद्ध सम्वत २५६६ | नेपाल सम्वत ११४३ चिल्लाथ्व

वि.सं. २०७९ फागुन २२ फागु पुन्ही

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर सेटिङ्ग
राजन सिमाछ्वा

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३
Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०/-



## यसभित्र


| | | |
|---|---|---|
| धर्म र आचरण | भिक्षु अश्वघोष | ३ |
| Vihar | H.L. Singh | ६ |
| धर्म प्रचार | चित्तधर हृदय | ८ |
| अनगारिका उप्पलवण्णा | रत्नसुन्दर शाक्य | १३ |
| रुख संरक्षणको लागि बुद्धको शिक्षा | डा. त्रिरत्न मानन्धर | १७ |
| मानव समाजको विकास ३ | सं. चन्द्रबहादुर उलक | १९ |
| प्राचीन ऐतिहासिक बौद्ध गाथाहरू ! | न्हुछेरत्न बुद्धाचाय | २२ |
| नुग:या मिखा चाल | चन्द्रबहादुर उलक | २३ |

# सम्पादकीय

बुध्द जन्मेको देश नेपालको आकाशमा आज कालो बादल मडारिरहेको अनुभव बौध्द दर्शन अध्ययन समाजले गरेको छ । विश्वमा अशान्ति फैलाउने शक्तिहरू नेपालको घाँटी निमोठ्न आफ्नो हात फैलाइरहेका छन । कुन दिन आइपर्ने हो आपत । नेपाल र नेपालीको अस्तित्व मेटाइदिने दिन । त्यो दिनबाट जोगिन सम्पूर्ण नेपाली जनता सचेत हुनु जरुरी छ ।

देशमा पटकपटक राजनैतिक व्यवस्था परिवर्तन भए तापनि नेपालीको अवस्था परिवर्तन भएको अनुभव हाम्रो अध्ययन समाजले पनि गर्न पाएन । नेपालका शासक पार्टीहरू पदको लागि मात्र तँछाडमछाड गरेको देखिन्छ भने आपसमा गालीगलौज, आरोप प्रत्यारोपमा सीमित भएको छ । देशको उन्नति गर्ने र जनताको जीवनस्तर माथि उकास्ने विषयमा चिन्तन गरेको देखिँदैन । जनतालाई स्वच्छ राजनैतिक शिक्षा प्रदान गर्ने विषयमा कुनै ध्यान छैन । बरु दण्डहिनता, भ्रष्टाचार तथा दास मनोवृत्ति विकास गराउने खालका कृयाकलापहरूमात्र
समाजमा फैलाएको अनुभव भएको छ ।

आज देश टाठपल्टने अवस्थामा गुज्रिरहेको अनुभव सबैले गर्दै छन । नेपाली जनताको लागि चाहिने दैनिक उपभोग्य वस्तुहरू पाउन विदेशीको चाकरी गर्नुपर्ने भएको छ । विदेशी सरकारको खुसादम गरिएन भने नाकाबन्दीसंग सामना गर्नुपर्ने स्थिति ल्याइदेला भने डर सृजना गराइएको छ । कृषिप्रधान देशमा खेतीयोग्य जमिनहरू बाँझो राखेर नेपाली जनशक्तिलाई विदेसिन बाध्य पारिएको छ । नेपाली शासक पार्टीहरू भूमाफिया, भ्रष्टाचारी र घुसखोरीाहरूको पञ्जामा नाचिरहेका छन् । देशमा यस्तो विकराल अवस्था कसरी सृजना भयो ? यसबाट कसरी छुटकारा पाउने भन्ने विषयमा चिन्तन गर्नु आवश्यक भएको छ । नेपाली जनतालाई यस्तो अवस्थामा पुऱ्याउनु अन्याय हो । यस मानेमा शासकहरू अन्यायी हुन् । तिनीहरूको विरुद्ध आवाज बुलन्द गर्नु नेपाली जनताको कर्तव्य हो । बुद्धले भन्नु भएको थियो- "अन्याय सहनु पनि अन्यायी हुनु हो ।" हामी अन्यायी नबनौं ।

हामीले थाहा पायौं-शासक वर्गमा लोभ जागेपछि तृष्णा जागेपछि र हिंश्रक प्रवृत्तिको विकास भएपछि देश बर्बादीमा जाँदोरहेछ । अत : शासक वर्गको हृदयमा बौद्ध शिक्षा प्रवेश गराउन सके देश बर्बादीबाट जोगाउन सकिदैन र ?

भवतु सब्ब मङ्गल

# धर्म र आचरण



✍ भिक्षु अश्वघोष

पहिले धर्मको अर्थ राम्रोसँग बुझ्नु पर्छ । बुद्धले दिनुभएको उपदेश, धर्मको शिक्षा आचरण गर्नको लागि हो न कि विद्वत्ता देखाउनुको लागि केवल अरुलाई उपदेश दिनकोलागि मात्र होइन । जीवन आनन्दमय बनाउनको लागि हो । आनन्द भए अनुहार तेजिलो हुन्छ । एक जना सज्जनले बुद्ध समक्ष गएर सोध्नु भयो "भो श्रमण गौतम । तपाईको अनुहार सधै तेजिलो, स्वच्छ र प्रसन्न देखिन्छ त्यसको कारण के हो ? बुद्ध भन्नु हुन्छ-

**अतीतं नानु सोचामि नप्प जपामि अनागतं ।**

**पच्चुप्पन्नेन यापेमि तेन वाण्णो पसीदति ॥**

अर्थात- म अतीतको चिन्तन गर्दिन, न भविष्यको बारे कल्पना गर्दछु, वर्तमानलाई महत्व दिन्छु, वर्तमानमा जे छ त्यसैमा सन्तुष्ट हुन्छु । त्यसैले मेरो अनुहार प्रसन्न र तेजिलो छ ।

बुद्ध शुद्ध आचरण गर्नमा पक्षपाती हुनुहुन्छ र आचरणवादि पनि । धर्मको अर्थको व्याख्या कल्याण मित्र सत्यनारायण गोयन्काले "धारण करे तो धर्म" भन्ने पुस्तकमा उल्लेख गर्नु भएको छ । मलाई राम्रो लागेकोले त्यही पुस्तकमा उल्लेखित केही अंश छोटकरीमा यहाँ प्रस्तुत गर्न उचित ठान्छु ।

गौतम बुद्धलाई भगवान् पनि भनिन्छ । आजको भारतको भाषामा भगवान्को अर्थ ईश्वर अथवा परमात्मा भएको छ । परन्तु २६ सय वर्ष पूर्वको भारतको जनभाषामा यसको अर्थ अर्कै थियो । बुद्ध वाणी स्पष्ट रूपमा भन्छ- "भग्ग रागो, भग्ग दोसो, भग्ग मोहोति भगवा" अर्थात जसले आफ्नो राग भग्न गर्नु भयो, नाश गर्नु भयो, द्वेष भग्न गर्नु भयो, मोह भग्न गर्नु भयो उहाँ ते भगवान् यस अवस्थामा पुग्न सके जो कोही पनि भगवान् बन्न सक्छ । "खीणं पुराणं नवं नत्थि संभवं" सारा पुराना मनोविकार क्षीण भयो र नयाँ विकारको उत्पन्न हुन सम्भव छैन । अर्थात सर्वथा दु:खबाट मुक्त हुन्छ

**निर्मल धर्म**

जब कोही व्यक्ति यस चेतनाले धर्म प्रचार गर्छ अर्थात् सिकाउँछ कि मेरो धर्म वाणी सुनेर

मानिसहरू प्रसन्न र प्रभावित हुन्छन् । प्रभावित भएर मलाई दान दक्षिणा दिनेछ । दान दक्षिणा प्राप्त भए मेरो जीविका चल्छ, मेरो भौतिक इच्छाहरू पूरा हुन्छन् । दान दक्षिणा नदिए पनि मान सम्मान हुनेछ । मेरा बारेमा पर्याप्त मात्रामा प्रशंसा हुनेछ । यो प्रशंसा देश भरमा फैलिनेछ । इतिहासको पानामा पनि एक प्रसिद्ध व्यक्तिको रूपमा लेखिनेछ । यस्तो चेतनाले प्रचार गरेको र सिकाएको धर्म निर्मल शुद्ध धर्म हुन सक्दैन । कल्याणकारी हुने छैन ।

तर जब कोही व्यक्ति यस चेतनाले धर्म प्रचार गर्छ सिकाउँछ कि मेरो धर्म वाणी सुनेर मानिसहरू प्रभावित हुनेछन् । प्रभावित भएर धर्म आचरण गर्न प्रयत्न गर्नेछन् । समुचित प्रयास गर्नेछन, मनोविकार विमुक्त हुनेछन् र दुःखबाट मुक्त हुनेछन् । यसरी चिन्तन र चेतनाले प्रचार गरेको वा सिकाएको धर्म निर्मल हुन्छ, कल्याणकारी हुन्छ, बहुजनहित तथा सुखकारी हुन्छ ।

**चरथ भिक्खवे चारिकं-** भिक्षुहरू, जाऊ, धर्म चारिका गर, के को लागि ? आफ्नो हितसुखको लागि होइन बरू बहुजन हिताय बहुजन सुखाय-धेरै जनताहरूको हित र सुखको लागि ।

**लोकानुकम्पाय-** अरू कुनै संप्रदाय, जाति, वर्ण र वर्ग विशेषको लागि होइन, धेरै मानिसहरू प्रति अनुकम्पा गर्नको लागि ।

**देसेथ भिक्खवे धम्मं-** धर्मको मात्रै उपदेश गर । मानिसहरूलाई संप्रदाय अथवा दार्शनिक मतमतान्तरको बन्धनमा फसाउनका लागि होइन धर्म पनि बुद्धि विलासिता देखाउने खालको, अहंकार बढ्ने खालको होइन । परन्तु शुद्ध प्रयोगात्मक, क्रियात्मक हुनुपर्छ । जसलाई दैनिक जीवनमा आचरण गर्न सकिने, व्यवहारमा उतार्न सकिने हुनुपर्छ यस्तो सक्रिय धर्म जुन कि **आदि कल्याणं-** आरम्भमा कल्याणकारी होस् अर्थात शीलको अभ्यासमा उपयोगी, कल्याणकारी होस् । **मज्झे कल्याणं-** मध्यमा कल्याणकारी होस् । अर्थात समाधिको अभ्यासमा कल्याणकारी होस् । **परियोसान कल्याणं** अन्तमा कल्याणकारी होस् प्रज्ञा प्राप्त गर्नमा सहयोगी र कल्याणकारी होस् । केही गरी परिशुद्ध व्यावहारिक धर्ममा शील, समाधि र प्रज्ञामा कमजोरी आएमा त्यसको परिपूर्णतामा कमी आउँछ, दोष आउँछ । मतलब साम्प्रदायिकता विहीन सर्वलोक हितकारी सार्वजनीन धर्मको प्रकाश हुनु पर्छ । जुन धर्म आचरणमा उतार्न सकिन्छ भन्नुको अर्थ धर्म सैद्धान्तिक मान्यतामा मात्र सीमित हुनु हुँदैन । जस्तै शीलको चर्चा मात्र नगरी शील जीवनमा उपयोग र आचरण गर्न सक्ने हुनु पर्छ । त्यस्तै समाधि पनि मात्र व्याख्या गर्ने होइन, समाधि चित्तको अंग बनोस् । प्रज्ञाको मात्र चर्चा गर्ने होइन, धर्म आचरण गर्न सकेमात्र शीलको परिपूर्णता हुन्छ । धर्म आचरण गरेर मानिसलाई परम् विशुद्ध गर्न सके मात्र परिशुद्ध हुन्छ ।

तर सम्प्रदाय र यस्तै जातपातलाई धर्म मान्ने कुनै व्यक्तिलाई धर्मको शिक्षा दिएमा मानिसहरूलाई आशंकामा फसाई दिन्छ, बन्धनमा बाँधि दिन्छ । धर्मको नाउँमा मनुष्यलाई शोषण गर्न बल दिन्छ । अनि धर्मको निर्मलता नष्ट भएर जनमानसलाई अहित गर्छ ।

यसरी नै कर्मकाण्डमा फसेको व्यक्ति धर्मको नाउँमा नाना प्रकारका कर्मकाण्डलाई प्रोत्साहित गर्छ । उसमा औपचारिकता मात्र रहन्छ । बाहिरी देखावटी मात्र हुन्छ । धर्मको सार भने टाढिन्छ । यसले गर्दा स्वयं आफू पनि डुब्छ र आफ्नो अनुयायीलाई पनि डुबाइ दिन्छ ।

## धर्मलाई राम्रोसँग सम्झौं

२६ सय वर्षको भारतको जन भाषा पालिमा जसलाई 'धम्म' भनेको थियो, आज उसलाई धर्म भनिन्छ । तत्कालिन भारतमा यस शब्दको अर्थ धेरै व्यापक थियो । समय परिवर्तन हुँदै जाँदा यसको अर्थ संकुचित र रूढीवाद - अन्धविश्वास) बन्न गयो । आजको भारतमा त धेरै अंशमा यसको अर्थको अनर्थ भएको छ ।

त्यसताका धर्म भनेको मनको विषय (स्वभाव) लाई भनिन्थ्यो । पाँच इन्द्रियहरू (आँखा, कान, आदी) को अलग अलग विषय (स्वभाव) हुन्छन् । आँखाको विषय (स्वभाव) हो रूप, कानको विषय शब्द, नाकको गन्ध, जिब्रोको स्वाद र छालाको स्पर्श हुन् । यस पाँच इन्द्रियको अतिरिक्त एक अरू इन्द्रिय छ, जुन यस भन्दा अधिक सूक्ष्म हुन्छ, अधिक बलवान् हुन्छ त्यो हो मनको इन्द्रिय । तत्कालिन भाषामा मनलाई चित्त पनि भनिन्थ्यो, विज्ञान पनि भनिन्थ्यो । चित्त इन्द्रियको विषयलाई चैतसिक अर्थात चित्तवृत्तिहरू भनिन्थ्यो र चित्तवृत्तिलाई धर्म भनिन्थ्यो । धारेतीति धम्मो धारण गरी आचरण गर्न सक्नु नै धर्म हो । चित्तले जे धारण गर्छ, त्यो नै धर्म हो । अत: सबै चित्तवृत्तिलाई धर्म भनिन्छ ।

उपरोक्त व्याख्यालाई स्पष्ट पार्नलाई धर्मको एक अरू परिभाषा प्रचलित थियो । धर्म भनिन्थ्यो गुणलाई, स्वभावलाई प्रकृतिलाई । यी गुण, धर्म, स्वभाव, प्रकृति तत्कालिन पर्यायवाची शब्द थिए । समानार्थी शब्द थिए । जुन चित्तवृत्ति हो जुन स्वभाव हो त्यसैलाई धर्म भनिन्थ्यो । कोप, क्रोध, द्वेष, दुर्भावना जस्ता चित्तवृत्तिहरू स्वभाववश चित्तलाई मैला (फोहोर) गरिदिन्छ, व्याकुल गरिदिन्छ, अमंगल बनाइ दिन्छ अकुशल बनाई दिन्छ । त्यसैले पाप धर्म, अकुशल धर्म, कृष्ण धर्म (कालो धर्म) अनार्य भनिन्थ्यो । यस्तै मैत्री, करूणा, स्नेह, सद्भाव जस्ता चित्तवृत्तिहरू आफ्नो स्वभाव वश चित्तलाई पुनित (शुद्ध) गरि दिन्छ । उसलाई सुख शान्ति र सौमनस्यताले भरिदिन्छ । उसको कुशल गरिदिन्छ, मंगल गरिदिन्छन् । त्यसैले पुण्य धर्म, कुशल धर्म, शुक्ल धर्म, आर्य-धर्म भनियो पछि गएर यो करणीय हो, यो कर्तव्य हो भन्ने अर्थमा धर्मको अर्को अर्थ प्रचलित हुन लाग्यो- कर्तव्य । यो हाम्रो धर्म हो अर्थात हाम्रो कर्तव्य हो । अरू जो अकरणीय हो, अकर्तव्य हो त्यो धर्म हो धर्म र अधर्मको यो कल्याणी व्याख्या कुनै दार्शनिक अन्धविश्वासको आधारमा स्थापित भएको होइन, कुनै साम्प्रदायिक मान्यताको आधारमा स्थापित भएको हाइन । वास्तवमा अनुभवजन्य शुद्ध वैज्ञानिक आधारमा स्थापित भएको हो ।

(साभार-धारण करें तो धर्म, आचार्य सत्यनारायण गोयन्का)

**- धर्म र आचरण पुस्तकबाट साभार**

◆

# Vihar

✍ H.L. Singh

There is an intimate and inseparable relation between vihar and Buddhism. Vihar is in fact an integral part of all three kinds of theravada, Mahayan and Vajrayana Buddhism. The construction of vihars is dated back to the days of the Buddha.With the growing influences and popularity of the Buddha, kings, nobles, merchants and other people constructed vihars for the shelter of the Buddha and the monks following him. Jivakaram of Rajagriha and Jetavana Mahavihar were some of the examples. Nigrodham and Mahavana were vihars constructed in ancient Kapilvastu. In Nepal, vihars had been constructed from Kiranti to modern Shah periods.

Vihars, popularly called *bahas*, still exist in a large number in the Kathmandu Valley. Their popularity has declined in course of time. They are no longer monastic retreats of celibate monks. They now serve as places for performing rituals or observing the socio-religious festivities of Buddhism.

The central feature of a *baha* is a square courtyard open to the sky surrounded by the shrine and the living quarters of Shakyas, Vajracharyas, and the people of other Buddhist classes. The shrine is always placed opposite the entrance.

A bahi possesses some addtional features than a baha. These are a wooden corridor projecting from the first story and overlooking the central courtyard and a small circumambulatory path around the shrine.

The origin of Buddhist vihars in Nepal dated back to the time of Krakuchhanda Tathagata who along with 700 pupils including Gunadhoja Brahmin, Abhayananda Chherti, etc, visited Swayambhu, constructed a vihar for the first time after

establishing the *sangha*. Then, Kasyapa Tathagata constructed another vihar under the patronage of Bhikshu Gunakara. Then, King Prachandadeva of Gauda was initiated into monkhood. The Mahayana text *Swayambhu Purana* contains a detailed account of Swayambhu Mahachaitya. There were also other vihars in the ancient times.

In different periods of Nepalese history, there were instances of the construction of vihars. Builders of these vihars included kings, nobles, Buddhist preceptors and devotees. A large number of chaityas and vihars were constructed during the Lichchhavi period. This is evident from the inscriptions available in temples, historic sites, etc. Vihars were sacred places with an air of sanctity and solemnity. There is some halo of tranquility in vihars which even non-believers looked upon with awe and veneration.

The vihars of Nepal once hummed with activity. Some of them were great centres of learning frequented by distinuished scholars from India and Tibet. They were reactivated for a while by Buddhists fleeing from the universities of Nalanda and Vikramshila in the wake of the Muslim invasion in the 12th and 13 th century in India. Manuscripts copying and bronze casting were the chief pre-occupations of the vihars of Nepal.

Historians have identified the shrine complex of Vajrayogini at Sankhu, Kathmandu, as Gumvihar which is considered to be the oldest known vihar in the Kathmandu Valley. From the Kiranti coinage of the world, it is generally believed that the origin of this vihar dated back to first century A.D. Another instance of the early introduction of Buddhism in the ancient times is the presence of the Swayambhu chaitya along with other chaityas and stupas, and other shrines around it. The Swayambhu Mahachaitya is considered to be one of the most ancient ones. and it is distinguished by its uniquely significant and artistic structures. Swayambhu is the most prominent and living representative monument of Mahayana Buddhaism in Nepal. This chaitya had been visited by several Adi Buddhas, Manjushri and many other saints and monks of India, Bhutan, Sikkim and other Buddhist countries.

◆

# धर्म प्रचार



✍ वितधर हृदय

बुद्धदेवं बोधी लाना: न्हय्न्हु आनन्दे च्वना: न्हय्न्हु वृक्ष स्वया: विज्याना: मेगु न्हय्न्हु पला: छिना: न्हय्न्हु रत्नाकरस च्वन, अजपाल क्वे च्वन न्हय्न्हु असमये वा व:गुलि मुचलिन्द नागं न्हय्न्हु म्ह:छम्हं हे न्यंक हित्तु हिना: फणां क्वीका: तल, न्हय्न्हुतक राजायतनया क्वे च्वना: च्वन दशबल। त्रपुष भल्लिक वणिकपिं निम्ह पञ्चशत बंजा: ब्वना: धन ज्वना: व्यापार हेतुं व:पिसं शास्ता खना: यात मधुमय मधुर भोजन भक्ति पूर्वक अर्पण, बुद्धधर्मे शरण व:पिं जुल उपासक नूतन । वन अपिं उम्ह बुद्ध भगवान्यात याना: वन्दना:, ज्ञान स्वीतं कन्यगु मकन्यगु यात वं थुलि चिन्तना

'अमूल्य मणिया मू अमिसं
सी थीगु मिखापि वणिजं
नस्वा:गु स्वांया मू द:सा
भति भति मधुपं सी स्यूसा ।
हृदययागु इङ्गित भाषा
ज्ञानं तिनि थ्वीकै थूसा ।

मस्यु आ: जिगु थ्व खँ थ्वीगु सुनां । 'सत्य' छु याय् जिं कँ जक कनां ।'(जाति १४ मात्रा)

थुलि मने वाय्का : लिपा वं ज्ञान कन्यपिं पात्रपिं मन मनं माला: स्वया: निम्ह योग्य खन आचार्यपिं 'ज्ञान धात्थे थाकुसां आलारकालामं जकं थ्वीक्य फै बांलाक अथवा चतुर पण्डित रुद्रकं" ध्यान दृष्टि खन अपिं संसार तोता: वंगु खँ, न्याम्ह सहपाठी पुलांपिं लुमन अल्य छम्ह छम्ह फुक। सारनाथे च्वंगु सीका: शाक्यमुनि उख्य हे स्वया: लैं ववं भोजन कया: वाराणसी भिक्षा फया : व:गु अन च्वंपि अपिं फुक पञ्चवर्गीयं खन, अमि परस्पर यात सल्हा: 'श्रमण गौतम हुंकन व:गु खंला भ्रष्ट ज्वीका: ल्होंक याना: भोजन, मेगु भीसं याय्गु मखुन्हां वैत छुं अभिवादन, राजसुत ख: च्वन्यत केवल बी छगू आसन जक' किन्तु अभ्कुत ! न्हयोन्य थ्यन्यवं अमिगु विसिवन प्रण फुक। यात अमिसं योग्य स्वागत आसनं सकलें दना: अन 'बिज्याहुँ बिज्याहुँ' धाधां वैगु न्हयोन्य वना:वना: ।

ल्हा: व तुति चाय्का: हया: अन लोगु सुन्दर आसने फेत्तु का: न्यन कुशल वार्ता "जू मखा: मङ्गल तने, छिगु शरीरे खन्यदु निर्मल कान्ति आयुष्मान् ! छित: प्राप्त जुलला हां अलौकिक बुद्धपद मन वाञ्छित ?"

अमित भगवानं लिसः बिल सत्य ल्वीका हय् धुन छ्मित
नं बालांक जिं थुगु सत्य कन्य न्यंवा थन,
गुगु खँया अनुसार च्वंसा त्याग गुकिया कारण
याःगु खःछिमिसं व फलया लाभ याय् फै याकन'
सुगतया थुगु बचन तायाः न्याम्ह संन्यासीं अन
ल्हाः जपाः तुति भोपुयाः थुलि प्रार्थना यानाः च्वन-
' जिमिगु थुगु अपराध फुक यानाः क्षमा उपदेश या
हे तथागत शीघ्र हे छिगु आम नूतन धर्मया'
धर्मराज न्हिलाः मुसुक अन अमिगु खँ जुल सम्मत,
वैगु देहे रश्मि पिज्वयाः वःगु थे जिगि जिगि थित ।
"भिक्षुपिं ! व्याकुल छिपिं गुगु खं व न्योवा मन तयाः"
नाद थ्वत थुगु दिग दिगन्ते सकभनं व्यापक जुयाः!
शिष्य गणया नाप धर्मालाप यायां चच्छित
वेव मन्द सिचुगु नसंचाया सुगन्धित मारुत
पशिचमाकाशे थ्यन्यव दिल्लापुन्हीया शशधर
न्याम्ह कौडिन्यादि ब्राम्हणपिन्त सःतल सत्वर-

'भिक्षुपिं थुगु निगू 'अति मार्ग'
याय् सदा यतिपिसं परित्याग-
कामभोग जक सेवन याय्गु,
गंसि ज्वीक अति म्हं दुख सीगु ।
मेगु ल्वीक्य धुन मार्ग थ्व न्हूगु
'मध्यमाप्रतिपदा' दथुयागु,
ज्ञानचक्षु गुगुलिं खन्य दैगु
जन्म आदि फुक दुःख फकैगु ।।(स्वागता)
चित्त शान्ति परि पूर्णगु ज्ञान
दैगु अभिज्ञा परिनिर्वाण
व्याक्क 'आर्य अष्टाङ्गिक मार्ग'
कन्य सत्यत पेंगू प्रियवर्ग !
जन्म, जरा, व्याधि, मरण ज्वीगु,
प्रिय नाप वियोग जुयाः च्वन्यगु
अप्रिय नाप सदा ह्वन्य माःगु,
शोकं कय्काः हाल्यगु ख्वेगु,
काये दुःख व मनस मछिनिगु,
लागिचायगु, मन लोगु मदैगु
आदि थ्व फुक दुख खः संक्षेप
दुख 'पंचोपादानस्कंध' ।

ब्याक्क दुःखया कारण जन्म-
जन्म ज्वीगु कारण भव ख्यात,
खः भवया हेतु उपादान,
तृष्णा दुगुलिं जुल व प्रधान,
सदा वेदनां तृष्णा दैगु
व वेदनां नं स्पर्श ज्वीगु,
खः जूगु स्पर्श षडायतनं,
नाम व रूपं दुगु इन्द्रिय नं,
नाम रूप नं दत विज्ञानं,
संस्कारं विज्ञान व हानं
खः संस्कार अविद्यां याःगु
थुलि जुल उत्तम 'सत्य छगूगु' ।
न्यो छिमिसं आः सुन्दर तथ्य,
कन्य जिं 'दुखया समुदय सत्य'
काम भोगया इच्छा ज्वीगु
सीकि 'काम तृष्णा' बल्लाःगु
सुखया इच्छां हानं वेगु
इच्छा दुगु 'भव तृष्णा' धैगु
'जन्म जिन्म आः हांन मेगु
निश्चय काः हे वन्य मखु धैगु

थ्व 'विभवतृष्णा' नापं स्वंगू
'दुख समुदय' नं वांछ्वे माःगु
तृष्णाया अत्यन्त निबृत्ति

ज्वीव ब्याक्क दु:खं ज्वी मुक्ति,
धाइ ध्वैत हे 'दु:खं निरोध'
थुकियात लुमंका: तय् योग्य ।
दु:खनिरोधे यनिगु लँ कन्य जिं
गुगुलिं हित याइगु मामं थें
प्यंगू सत्य गय् ख: अय् हे
गुगुलिं खनि 'सम्यक् दष्टि' व हे
द्रोह, काम्य, हिंसादि मयाय्गु
संकल्प ध्व हे सम्यक' धा:गु
"सम्यक वचन" ध्व छ्वा:गु व म्वा:गु
मखुगु, छुल्याहा बचन मल्हाय्गु
ख्वीगु व हिंसा व दुराचार
तोत्यगु ख: 'सम्यक कर्मान्त' ।
मिथ्या लजगा: तोता: भिंगु
व्यवसायं थ: जीवन हन्यगु
यात धाइ 'सम्यक आजीव'
लोगु ध्व ज्या ख: श्रावकपिन्त ।

लुगु पापया याय्त विनाश,
मदुगु मवेक्यत छुँ आभास,
लूगु कुशल धर्मस्थिर याय्त,
मदुनिगु निश्चय ल्वीका: काय्त
उद्योग, परिश्रम नं याय्गु
'सम्यक व्यायाम' ध्व याय् मा:गु
वनाव च्वंसा वना: च्वनागु,
च्वनाव च्वंसा च्वना: च्वनागु
द्योंसा द्यना धका नं चाय्का:
च्वन्यगु म्हयागु अवस्था सीका:,
ज्वीव वेदना सुख दुखयागु
दुन्य दुन्य निगुलिं ध्वीका: च्वन्यगु ;
थ: चित्ते ब्यापाद, अभिध्या,

मिथ्यादृष्टि दुला मदुला वा
गय्च्वं चित्त सराग विराग,
द्वेष मदुगु बा दुगु छुं भाग,
मोह रहित बा मोहं ब्याप्त,
संक्षिप्रगु अथवा विक्षित्प,
गुलिजू एकाग्र अएकाग्र,
जूगु विमुक्त व बा अविमुक्त,

अमहद्गत व महद्गत ला वा
च्वन्यगु अनुत्तर सोत्तर सीका:
पञ्चनीवरण मनया धर्म
दुगु व मदुगु गयज्वी उत्पन्न,
गय ज्वी उकिया पूर्ण विनष्ट,
गबलें हे उत्पन्न मज्वीक,
थुगु फुक सीका: नं स्वीन्हय्गु
उत्तम धर्म लुमंका: च्वन्यगु
आदि ध्व प्यंगू 'सति पट्ठान'
'सम्यक् स्मृति' ख: ज्ञाननिधान ।
हीनगु काम व अकुशल धर्म
सवितर्क व सविचार बिवेकं
लुगु प्रीति सुख युक्त छ्गुग
ध्याने बांलाक दुना: च्वन्यगु,
ज्वीव वितर्क विचार प्रशान्त
दुन्यया शान्ति व मन एकाग्र
अवितर्क व अविचार समाधी
च्वन्यगु यक्व दुगु प्रीति सुखादि:
ध्याने दुन्यगु शरीरं सुखया
अनुभव यायां निस्प्रीति जुया:

सुख, दुख, ताप व चित्तोल्लास
तोता: स्मृतिया ज्वीव विकास

असुख अदु:ख चतुर्थ समाधी
च्वन्यगु ध्व प्यंगु 'सत्य समाधि'।
दु:ख निरोधे यनिगु लँ च्यागू
भावना निरन्तर याय् मा:गु।
भिक्षुपिं! ध्व दुख, मनया ताप,
शोक कष्टया याय्‌त विनाश,
प्राप्त याय्‌त सत्य व निर्वाण
लोगु ध्व सीकि छगू जक 'यान'।
आ: छिमिसं नं थुकिया ध्यान
याना: याकन हे ला ज्ञान।" (जाति १६ मात्रा)
धर्मस्वामीया ध्व खं सन्तुष्ट जूपिं भिक्षुपिं
"धन्य भगवन् धन्य!" धाधां न्याक्क हर्षित जुल अपिं।
प्रथम कौडिन्यं ननानं ज्ञान थ्वीकल अन च्वँ च्वं,
"गुगु दु समुदय धर्म उगु फुक नाश नंज्वी" धैगु वं।
धाल भगवानं न्हिला: अन "ब्याक्क कौडिन्यं थुल"
वैगु नां हे थूगुलि 'आज्ञात कौडिन्य' ध्व जुल।
धाल कौडिन्यं "ब्यु भगवन्! थौ जित: उपसम्पदा"
"भिक्षु! वा वा धर्मया बांलाक वर्णित जू सदा,"

दु:खया क्षय याय‌गु कारण ब्रम्हचर्याचरण या"
श्रीघनं थुलि धाय्‌व जुल उपसम्पदा कौडिन्यया।
हाकनं उपदेश बिल उकिया लिपा नं मेगु नं
ज्ञान थ्वीकल पूर्णरूपं बप व भद्रिय निम्हसिनं।
अमिगु अन उपसम्पदा जुल, ल्यं दुपिनि नं पा: वल,
अश्वजितया लिस्य महानामं व प्रज्ञा थ्वीकल।
अमिगु नं उपसम्पदा अन ज्वीव वर्षऋतु वया:
'प्रथम बर्षवास' उगु वाराणसी मृगदावया
आश्रमे हे च्वन स्वला उपदेश यायां धर्मया,
असितया भिंचाम्ह नारद भिक्षु जूवल ध्व खँ सिया:
उगु नगरया धनिक श्रेष्ठी-पुत्र यश भवने च्वना:
यक्व भोग विलास याना: चोंम्हस्यां चान्हे दना:
स्व:बले अन सुन्दरीपिनि विविध वाद्य ज्वना: ज्वना
फुक सँ फँ: फँ: वस्त्र थाते मदुगु दुरवस्था खना:
शीघ्र "हा संतप्र पीडित!" थुलि धया: प्याहां वया:
वल सुथे थ्यंक: व यश अन न्ह्योन्य भगवान् बुद्धया।
"यश असंतप्त अपिडित ज्वीगु कन्य न्यो धर्म छं"
थुलि धया: सुगतं व 'प्यंगू सत्य' कन्यवं हे यशं
हेतुया क्षय ज्वीगु' थ्वीका: भिक्षु जुद चीवर तिया:,
थुगु खँ सीका: बौम्ह वल अन, भेष खन थ: पुत्रया।
प्रथम ला वं यात हाहाकार चीवर कुं ज्वना:
"छं छु याना: हा पुता! हये क: हुँ छं मां छ्यूँ वना:,
भौमचाया प्राण रक्षा या:नु तोता: चीवर"
बुद्धया धर्मोपदेशं भति लिपा व जुया: स्थिर
बिल निमन्त्रण "सघं नापं पुत्र यश ल्यूल्यू तया:
ज्ञानसिन्धु! बिज्याहुँ याकन दासयात दया तया:"
थुलि धया: वं बद्ध, धर्म व संघया शरणे वन,
वैगु छ्यूँ वन भिक्षु मुंका: यश ब्वना: उम्ह श्रीघन।
थ:त लाया: त:गु लासाय् फेत्तुना: अन मुनिवर
धर्म यशया मां व पत्नीपिन्त न्यंकल सुन्दर
स्नेह युक्त सभक्ति अमिसं ब्यूगु उत्तम भ्वेनल,
मेगु नं उपदेश याना: आश्रमे ल्याहाँ वल।
भिक्षु जुल यश धैगु सीवं दक्व पासापिं मुना:
'ज्वी अवश्य ध्व धर्म उत्तम' धैगु भा:पा: यश ब्वना:
शान्ति आशां न्ह्योन्य व:पिं अमित भगवानं खना:
"धर्म जू स्वाख्यात" धा धां भिक्षु छ्वत आँगसँ ध्यना।:
थुगु प्रकारं दयकु दय्‌कुं शिष्य ख्वी छम्ह भिक्षुपिं
"लोकया कल्याण कारण या प्रचार वना: छिपिं
थुगु अलौकिक पूर्व अश्रुत धर्म जगते" थुलि धया:
दिग दिगन्ते अमित छ्वत हित हेतु थुगु संसारया।

बिंबसार जुजुं सुगतया कीर्तिया गाथा न्यना:
"राजगृह नगरे बिज्याहुँ छको" धका ध्व निमंत्रणा

ब्यूगुलिं लुमना: प्रतिज्ञा वन्यत मगधे दशबल
लैं व वं 'कापास्य' धेगु बने वना: श्रम लंकल
अन बने दुन्य स्वीम्ह राजकुमारपिं वल सत्वर
रंग रंगगु भिंगु सालुगु वस्त्र ब्वेका: फर फर ।
रत्न तिलहिलयागु तेजं छम्हथ्य छम्ह अति सुन्दर ।
विनय पूर्वक न्यन -"मिसा छम्ह व:गु खंला मुनिवर ?"
न्ह्योन्य स्यैं स्यैं मिंक व:पिं अमिगु चिन्तित ख्वा:स्वया:
अमिगु हीन दशा खना: हृदये दयाया बा: वया:
न्यन "मिसा छम्हस्या थपायृचो छिमित छ्वीत प्रयोजन ?"
मा: जुयागु विशेष कारण दक्व फुक अमिसं कन-
" भन्ते ! जिपिं हास्य विनोद याय्त
उद्यानया सुन्दर दृश्य स्वेत,
थ: थ: कला: नाप वया थ्व थासे
बांला:मिसां कयंकल रूप पाशे ।
शास्ता ! थ्वया छ्यूँ मदया: कलत्र
नापं ब्वना: ह:गु थ्व राजपुत्रं ।
अय्ला: त्वना: ब्याक्क जिपिं प्रमत्त
ज्वीवं ज्वना: रत्न-तिसा प्रसस्त

ख्यूँथाय् किच: थें जुल न्हां व गुप्त
मामां वया: आ: थन थ्यंक वैत,
सी छ:पिसं नं गुगु वं लैं काल,
आज्ञाजु भन्ते ! करुण तयाव ।" (इन्द्रवज्रा)
अमिगु खँ न्यना: बुद्ध भगवानं न्हिला: आज्ञा जुल-
"वस्तु भतिचायागु निंतिं वैत छिमिसं मा: जुल,
थ:त नं छिमिसं छको हे मा:गु मखु गुलि अद्भुत"
सुगतया सुन्दर सुशिक्षां अमिगु माया मोहत
दुर जुल अल्य "बुद्ध भगवन् शरणका" धाधां अपिं
भिक्षु जुल चीवर पुना: अन स्वीम्ह राजकुमारपिं ।
अमित नं नापं ब्वना: सर्वज्ञ उरुबेलाय् वन
अन वना: स्वम्ह अग्निहोत्री जटिल ब्राम्हणपिं खन ।
ब्रम्हचारी शिष्य दोछिम्हस्या अपिं स्वम्ह नायक,
छम्हथ्य छम्ह विख्यात पण्डित दार्शनिक विद्धान् फुक ।
"थमित छुं उपदेश याना: शिष्य याय् फ:सा गुलि
धर्म लोके ज्वी प्रचार" धका तया: चिते थुलि
प्रथम न्यास: शिष्य दुम्ह उरुविल्वकाश्यप जटिलया
न्हयोन्य थ्यंका: धाल बुद्धं "यदि मपंसा बाय् तयां
बायृति काश्यप । चच्छि थौं हूं अग्निशालाय छं जित:"
"छुं मपं, अन च्वंम्ह नागं दु:खबी न्हे बरु छित:"

विल्वकाश्यपया थ्व खं न्यना: वैत "छं भय मदु" धया:
अग्निशालाय् शाक्यमुनि द्वाहाँ वना: बि तंम्वया:
'फूँक' कुँ ल्हवया: ह:गुलिं अन अन्धकारं तोपुल,
योग-बलया दिव्य तेजं ख्यूँगु वं फुक तंकल ।
ग्या:गुलिं सुल पिण्डपात्रे भुजग गुँखि थें चा:त्तुला:,
पिन्य च्वना: काश्यपपिसं "काका ! मखुथ्य जुल श्रमणला !"
थुगुकुथं हाहां कन्हे खुनु स्व:बले अमिसं अन
रश्मिमय भगवान समाधी सर्प गुलुपाते खन ।
थुगु महा आश्चर्य घटनां चाल अद्भुत काश्यप,
"न्ह्यागगु थजु थ्व महापुरुष ख: थ्वैत तय्मा: सत्तिक'
धैगु भा:पा: धाल "छि महाश्रमण ! थनहे वास या,
मुनिउचित भोजन बिया: जि नित्य छिगु सत्कार याय्"
"ज्यू" धका आश्रमसमीपे च्वंगु बनखण्डे च्वन
नित्य जटिलं ब्यूगु भोजन ग्रहण याना: श्रीघन
छन्हु व काश्यपया छगू त:धंगु हे मख ज्वीत्यन,
ब्याक अंगमगध निवासी खाद्य भोज्य ज्वना: अन
वैगुलि उरुविल्वकाश्यपया मने जुल चिन्तन-
"यदि महाश्रमणं कन्हे छुं ऋद्धियागु प्रदर्शन
यात धा:सा वैगु ज्वी सम्मान, जिगु अवहेलन,
छुं जुया: धात्थे कन्हे छन्हु ला मव:सा ज्यू थन"

साभार सुगत-सौरभ महाकाव्य

◆

# अनगारिका उप्पलवण्णा



✍ रत्नसुन्दर शाक्य

बुद्ध-शासनको इतिहासमा बुद्धकालदेखि नै उहाँको सद्धर्म्म प्रचार-प्रसारको निमित्त आ-आफ्नो समस्त जीवन गृहस्थ संसारबाट अलग भई त्यागी जीवन बिताउँदै आउनुभएका अनगिन्ती भिक्षु-भिक्षुणीहरूको क्रममा आधुनिक नेपालमा पनि आफ्नो जीवनको किशोरावस्थादेखि बुद्ध-शासनिक कार्यमा समर्पित भई प्रव्रजित जीवन बिताउँदै आएका भिक्षु-अनगारिकाहरूको क्रममा अनगारिका उप्पलवण्णा पनि एक थिइन् ।

उनको जन्म ६ फागुन १९९६ वि.सं.का दिन पाटनको नागबहाल-बाकुनती स्थित चिधिकाजी शाक्य र माता बेलिमाया शाक्यको ज्येष्ठ पुत्रीको रुपमा भएको थियो ।



अनगारिका उप्पलवण्णा

माता-पिताको तर्फबाट 'चिनी' नाम गरेकी उनले विशेषत: माताको आश्रयबाट १२ वर्षको उमेर देखि नै थैनास्थित शाक्यसिंह विहारमा पुगी त्यहाँस्थित नेपालका प्रथम संघनायक हुनु भएका भिक्षु प्रज्ञानन्द महास्थविर (वि.सं.१९५७-२०४९) को छत्रछायामा रही बुद्ध-धर्मको प्रारम्भिक शिक्षा हासिल गर्ने अवसर पाएकी थिइन् ।

उहाँको लगतै नेपालका पाँचौ संघनायक हुनुभएका भिक्षु बुद्धघोष महास्थविर (वि.सं.१९७८-२०६८)को उपदेशबाट पनि चिनीमायाको साथै उहाँकै एक दिदी चमेली (ठुल्बुबा हीरारत्न शाक्य र ठूली आमा नानीमाया शाक्यका ज्येष्ठ पुत्री) पनि प्रभावित भई त्यसताकाका ज्येष्ठ भिक्षुहरूको क्रममा रहनुभएका भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि लगायत श्रामणेर सुदर्शनले पनि उनीहरूद्वय दिदी-बहिनीलाई बुद्ध-धर्म अध्ययनार्थ बर्मामा पुऱ्याउन अति नै मेहनत गर्नुभएको थियो ।

विशेषत: उनीहरू दुवै दिदी-बहिनीका मातात्रय एवं ज्येष्ठ भिक्षुहरूको सहयोगबाट चिनी र चमेली बर्मा पुग्न सफल भए । उनीहरू दुवैलाई बर्मामा बुद्ध-धर्म अध्ययन गर्दै रहनु भएका भिक्षु सुमंगल एवं अनगारिका धम्मवतीले विशेष पहल गरी मोलमिनस्थित खेमाराम नन्स स्टडिज सेन्टर (Nuns Studies centre) का प्रमुख दो. पञ्ञाचारी गुरुमाको तर्फबाट केश छेदन गरी सैंमामा विहारका अधिपति भिक्षु ऊ. कुण्डल महास्थविरबाट प्रव्रज्या शील ग्रहण गरी चिनीमाया शाक्य-अनगारिका उप्पलवण्णा र चमेली शाक्य अनगारिका धम्मदिना बनेकी थिइन् । यो १५ कार्तिक २०१६ अर्थात् १ नवम्बर १९५९ को दिनको कुरा हो ।

उनीहरू दुवै जनाले बर्मीभाषा, पालीभाषा, अभिधर्मको अध्ययन लगायत, ध्यानभावनामा पनि विशेष अभ्यास गरी वि.सं. २०२२ सालमा ६ वर्ष पश्चात् स्वदेश फर्केकी थिइन् ।

उनीहरूमा अनगारिका धम्मदिना (चमेली) वि.सं. २०२३ सालदेखि धर्मकीर्ति विहारमा आवद्ध भई कयौं बुद्धशासनिक कार्यहरूमा टेवा दिँदै आएकी थिइन् त अनगारिका उप्पलवण्णा चिनी पनि स्वदेश फर्के लगतै अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियति शिक्षाको 'परियति सद्धम्म कोविद' उपाधि उत्तीर्ण गरी विशेषत: ललितपुरको लुभु, ठेचो, थसि आदि ग्रामीण भेगमा एवं अनगारिका माधवी (वि.सं. १९८८-२०७९) गुरुमाद्वारा स्थापित यशोधरा बौद्ध विद्यालयमा परियति शिक्षाको अध्यापनमा लाग्दै आएकी थिइन् ।


उनले बर्मामा पालिसाहित्यको अध्ययनको साथै बुद्ध-धर्मको मेरुदण्डको रुपमा रहेको विपश्यना ध्यान भावनाको क्रममा त्यसताकाका बर्माका सुप्रसिद्ध ध्यानगुरुहरूसित सर्म्पक राखी विपश्यना ध्यान भावनाको अभ्यासको क्रममा आलोक कसिण, समथ भावनाको पनि अभ्यासमा लाग्दै आइसकेकी थिइन् ।

उहाँले बर्माका सुप्रसिद्ध ध्यानगुरु भदन्त ऊ. सोभन महास्थविर(महासी सयादो सन् १९०४-८२) लगायत उहाँका एक प्रमुख शिष्य भदन्त ऊ. पण्डिताभिवंश महास्थविर (सन् १९२१-२०१६)द्वारा सञ्चालित 'महासी सासना शिविर' मा समेत सम्मिलित भई सकेकी थिइन् ।

उनी (चिनी) गुरुमाले विशेषत: भिक्षु ज्ञानपूर्णिक महास्थविर 'धम्माचरिय' ले गर्दै आउनुभएको बुद्ध-शासनिक कार्यका विभिन्न गतिविधिहरूमा हरतरहले मद्दत गर्दै आउनुभएको प्राय: लाई अवगत भएकै कुरा हो । उनी गुरुमाले भिक्षु ज्ञानपूर्णिकद्वारा म्यानमारका सुविख्यात सयादोहरू एवं अन्य विभिन्न बौद्ध विद्वान्हरूबाट लेखिएका बर्मीभाषाका प्रमुख कृतिहरूको अनुवाद कार्य (विशेषत: नेपालभाषामा) मा पनि विभिन्न तवरले अर्थात् स्पष्टसंग साफी गरि दिनु, प्रूफ हेर्नु, प्रकाशनको चाजोपाजो मिलाउनु, पुस्तकको व्यवस्थापन गर्नु आदि र भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा ललितपुरको यत्र-तत्रस्थित विभिन्न विहार एवं ध्यानकेन्द्रहरू निर्माण कार्यमा पनि योगदान दिएको हामीलाई अवगत भएकै कुरा हो ।

यस्तै पाटनका एक बुद्ध-धर्मप्रेमी श्रद्धालु उपासिका सुश्री चैत्यमाया शाक्य (पछि अनगारिका चन्द्रज्ञाणी) ले नयाँ वानेश्वर-मीनभवन स्थित आफ्नो जग्गामा एक विहार निर्माण गरी श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको ६४ औं शुभ-जन्मोत्सवको

अवसरमा भिक्षु महासंघलाई प्रदान गरेको थियो । उक्त विश्व शान्ति विहार नामकरण गरिएको विहार १९ आश्विन २०४१ का दिन संघदान गरिएको थियो त पछि सोही विहार वि.सं. २०४८ मा विशेषत: मलेशिया र सिंगापुरका दाताहरू एवं श्रद्धालु नेपाली दाताहरू सम्मिलित भई पुन:निर्माण सुरू गराउनमा पनि चिनी गुरुमाको योगदान रहेको थियो । उक्त पुन: निर्मित विहार पूर्णतयारी पश्चात् ९ कार्तिक २०५४ का दिन म्यानमारका अग्गमहापण्डित ऊ. शासनभिवंश महास्थविरको करकमलबाट समुद्घाटन सम्पन्न गरिएको थियो ।



चिनीमाया

यस विहारमा सक्षम प्रव्रजित जनशक्ति वृद्धि गर्नमा, 'विश्व शान्ति बौद्ध शिक्षालय' स्थापना गर्नमा एवं उक्त शिक्षालयमा अध्ययनरत श्रामणेर तथा भिक्षुहरूलाई आवश्यक अनेक प्रवन्ध गर्नमा पनि अनगारिका उप्पलवण्णा गुरुमाको योगदान रहेको अतिस्मरणीय छ ।

यस पंक्तिका लेखकले अनगारिका उप्पलवण्णा गुरुमाको नाम चिनी गुरुमाको रुपमा पहिलो पटक अनगारिका वजिरञाणी (आफ्नी सानीआमा-आमाकी बहिनी) मुखबाट बाल्यकाल मै सुनेको थिएँ । पछि आफ्नो रुचीअनुरुप बुद्ध-धर्म सम्बन्धित पुस्तकहरूको संकलनको क्रममा उनी गुरुमाद्वारा रचित 'बुद्धयात गथे म्हसीकेगु'( प्रकाशन-ने.सं. १०९३) पुस्तक अवलोकन एवं अध्ययन गर्न पाएको थिएँ । पछि आएर आफूद्वारा लिखित देश-विदेशका बौद्ध व्यक्तित्वहरूको जीवनी पुस्तक प्रकाशित गर्दै आएदेखि उनी गुरुमासित थप परिचित हुँदै आए ।

वि.सं. २०७२ सालमा आफ्नो पुस्तक 'वसपोलपित लुमंकेबलय्' 'मैत्रेय युवा संघ' को तर्फबाट प्रकाशनाथ विशेष आर्थिक सहयोग अनगारिका उपपलवण्णा गुरुमाले गर्नुभएको स्मरण गराउन चाहन्छु । यसको वर्षदिनपछि उनी गुरुमाको विशेष अनुकम्पाबाट आफू पनि उप-संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको ७८ औँ जन्मोत्सवको उपलक्ष्यमा सम्पन्न अल्पकालीन दुर्लभ प्रव्रज्या एवं ध्यानशिविरमा सम्मिलित हुन पाएको थिए । वि.सं. २०७३ साल, मंसिर १-१२ गतेसम्म सम्पन्न उक्त दुर्लभ प्रव्रज्या एवं सतिपटठान ध्यान शिविरको अन्तिम दिन (११ मंसिर २०७३) अनगारिका उप्पलवण्णा एवं बोधिज्ञान भन्तेसित 'बौद्धजगत्का स्मरणीय व्यक्तिहरू, छैठौं भाग प्रकाशनार्थ सरसल्लाह पूर्ण गरेको थिएँ । यस प्रशंगमा केही महिना अगाडि नै २९ भाद्र २०७३ को दिन उप-संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरले आर्थिक सहयोग गर्ने वचन दिनुभएको थियो ।

संयोगको कुरा हो, यस पंक्तिका लेखकले उक्त 'बौद्ध जगतका स्मरणीय व्यक्तिहरू, छैठौं भाग' मा प्रस्तुत गरिएका २० जना बौद्ध

व्यक्तित्वहरूमा अन्तिम व्यक्तित्वको रुपमा बर्मी भिक्षु भदन्त डा. रेवतधम्म महास्थविरको जीवनी प्रस्तुत गरेको थिएँ जसले सन् १९७९ मा भिक्षु ज्ञानपूर्णिक महास्थविर इङ्गलैण्डमा धर्मदूतको रुपमा लण्डनको बर्मिङ्घम विहारमा रहिरहनुभएको बेला अनगारिका उप्पलवण्णा गुरुमालाई निमन्त्रण गरिएको थियो ।

यसप्रकार अनगारिका उप्पलवण्णा गुरुमाले त्यसताका (वि.सं. २०३६ मा ) नै यूरोप पुगी त्यहाँका प्रतिष्ठित बौद्ध विद्वान्हरूसित सम्पर्क एवं परिचित हुने अवसर प्राप्त गरेकी थिइन् । उहाँ गुरुमाले विशेषत: भिक्षु ज्ञानपूर्णिक महास्थविरको धर्मदूत कार्य अन्तर्गत एशिया, यूरोप एवं अमेरिकाका विभिन्न मुलुकहरूको पनि सँगै भ्रमण गर्ने अवसर पाएकी थिइन् । यस प्रकार नेपालमा स्थविरवाद बुद्ध-धर्म संरक्षणार्थ अनगारिका उप्पलवण्णा चिनी गुरुमाको पनि विभिन्न तवरबाट योगदान रहेको उल्लेखनीय छ जसमा विभिन्न विहारहरू निर्माण कार्यमा सहयोग गर्नुको क्रममा विश्व शान्ति विहारको साथै पाटनको चाकुपात स्थित 'सन्ति सुखावास विहार' निर्माण, 'सन्ति सुखावास प्रकाशन समिति'को स्थापना पनि उल्लेखनीय छ । यस प्रकाशन समितिबाट ५० वटा भन्दा बढी साना-ठूला बौद्ध ग्रन्थहरूको प्रकाशन सम्पन्न गरिसकेको थियो । उनी गुरुमाले जीवनको अन्ततिर विनयपिटक ग्रन्थको 'महावग्ग' भागलाई पनि अनुवाद गरी प्रकाशित गर्न पाएकी थिइन् । उनी गुरुमाले विशेषत: बर्मी सुविख्यात सयादोहरूलाई नेपाल भ्रमण गर्नमा पनि सहयोग गर्नु भएकोलाई पनि कहिल्यै बिर्सन सकिन्दैन ।

विशेषत: नेपालका सातौं संघनायक हुनुभएका अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको बुद्ध-शासनिक यात्रामा निरन्तर सहयात्रा गर्दै आइरहनुभएकी अनगारिका उप्पलवण्णा गुरुमाले आफ्नो जीवन ८२ वर्षको उमेरमा १३ फागुन २०७८ अर्थात् २५ फरवरी २०२२ का दिन पाटनको सुमेरु सिटी अस्पतालमा अन्त गर्न पुगिन् ।

उहाँको पार्थिव-शवलाई श्रद्धालुहरूको दर्शनार्थ १३ फागुन २०७८ का दिन पाटन-चाकुपाटस्थित सन्ति सुखावास विहारमा र १४ फागुन र १५ फागुनको मध्यान्हसम्म विश्व शान्ति विहार, मीनभवन-नयाँ बानेश्वरमा राखिसकेपछि दिनको १ बजे विश्व शान्ति विहारबाट शव-यात्रा सुरु गरी शंखमूलघाट पुऱ्याइ दाहसंस्कार कार्य सम्पन्न गरिएको थियो ।

◆

## कुशल धर्म

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।
२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।
३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु ।
६) अरुको सेवा (परोपकार) गर्नु ।
७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।
८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु ।
९) सत्य, यथार्थको खोजमा लाग्नु ।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो ।

*साभार : बुद्ध र उहाँको धर्म*

# रुख संरक्षणको लागि बुद्धको शिक्षा

✍ डा. त्रिरत्न मान्धर

वातावरण स्वच्छपार्न आवश्यक रुखलाई संरक्षण गर्ने काममा बुद्धले दिनुभएको उपदेशहरू विनय पिटक, जातक, धम्मपद, पेतवत्थु आदि ग्रन्थहरूमा उल्लेख भएका छन्। भगवान बुद्ध स्वयं लुम्बिनी बगैंचाको रुखमुनि जन्मनु भयो। ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिवृक्षमुनि बुद्धत्व प्राप्त गर्नुभयो। जुन रुखमुनि बुद्धत्व प्राप्त गर्नुभयो त्यसलाई उहाँले एकहप्ता सम्म कृतज्ञभावले आँखा नझिम्क्याई हेरिरहनु भएको थियो। जसलाई बुद्धको बोधिवृक्ष प्रति कृतज्ञता स्वरुप नेत्रपुजा गरेको भनिन्छ। बुद्धत्व प्राप्ति पछिका सात हप्तामा पनि विभिन्न बृक्षहरूमा बस्नु भई बुद्धत्व ज्ञानको बारेमा विचार विमर्स गर्नुभएको थियो। बुद्धत्व प्राप्ति पश्चात् उहाँ अजपाल, मुचलिन्द, राजायतन वृक्ष आदिमा उहाँले ध्यान गरेर समय बिताउनु भएको थियो। उहाँले पहिलो धर्मचक्रप्रवर्तन बनारसको सारनाथमा पञ्चभद्रवर्गियहरूलाई वृक्षमुनि बसेरनै गर्नु भएको थियो। त्यस्तै ८० वर्षको उमेरमा कुशीनगरको साल रुख मुनि निर्वाण हुनु भएको थियो। यसरी बुद्धको महत्वपूर्ण घटनाहरू रुखको छाँयाँमानै भएको तथ्य बौद्ध साहित्यमा उल्लेख गरिएको छ। रुख संगको सामिप्यताको कारणले उहाँ प्राकृतिक वातावरण संरक्षणको लागि रुखहरूको रक्षा गर्नुपर्ने उपदेशहरू दिनु भएको छ।

एकपटक भगवान बुद्धले चमत्कारप्रदर्शन गरेर गृहस्थहरूबाट लाभसत्कार प्राप्त गर्नु अनुचित भन्नुभई चमत्कार वा ऋद्धिप्रातिहार्य प्रदर्शन गर्न नहुने नियम बनाउनु भयो। तीर्थकरहरूले यसलाई मौकाको रुपमा लिनुभई अब भगवान बुद्धसंग प्रातिहार्य प्रदर्शनमा प्रतिस्पर्धा गर्ने भनेर चुनौति दिनुभयो। बुद्धले नियम बनाईसकेपछि उल्लंघन गर्दैन भन्ने अभिप्रायले उनीहरूले चुनौति दिएको मा बुद्धले त्यो नियम शिष्यहरूलाई मात्र लागुहुने बताउनु भई आषाढ पूर्णिमाको दिन आँपको वृक्षमुनि प्रातिहार्य प्रदर्शन गर्ने घोषणा गर्नुभयो। भगवानबुद्धले आँपको वृक्षमुनि प्रातिहार्य देखाउने घोषणा गर्ना साथ तीर्थकरहरूले श्रावस्ती भित्रका सबै आँपका रुखहरू ढाल्नेकाम गरी श्रावस्तीलाई आँपको रुखविहिन बनाउनु भएको थियो। तर भगवान बुद्धले आषाढ पूर्णिमाको दिन गण्डव भन्ने व्यक्तिबाट राजालाई दिन ल्याएको आँप दान प्राप्तगरी आँप सेवन गर्नुभई त्यसको बियाँ माटोभित्र गांडेर हात पखाल्नु भयो। तत्काल ऋद्धिको प्रभावले ठूलो रुख उत्पन्न भयो र उहाँले त्यस रुखमुनि बसेर यमक प्रातिहार्य देखाउनु भएको थियो। यसरी उहाँले रुखढाल्ने कार्यलाई विरोध गर्दै रुख रोप्ने कार्यमा लाग्नु पर्ने मार्ग निर्देशन गर्नु भएको थियो।

भगवान बुद्धले धम्मपदमा रुखको सुरक्षालाई जोडदिनु भई भन्नु भएको थियो कि 'बनं छिन्दत्थ मा रुक्ख' अर्थात् अनावश्यक बनमारा, घाँस र

झारपातहरू उखेली रुखहरू बचाउनु पर्दछ। रुखलाई महोपकारकको संज्ञा दिनु भई त्यसलाई काट्न नहुने नियम बनाउनु भएको थियो। विनयपिटकको भूतगामवग्ग पाचित्तिय काण्डामा भिक्षुहरूलाई रुख काट्नु नहुने नियम बनाइ रुख संरक्षण कार्यमा भिक्षुहरू लाग्नु पर्ने कुरा बताउनु भएको थियो।

रुख काट्न नहुने सम्बन्धमा खुद्दक निकायको पेतवत्थुमा एक महत्वपूर्ण प्रशंग उल्लेख गरेको छ। अंकुर भन्ने एक व्यापारी हजार गाडामा सामान भरिभराउ गरेर व्दारवतिबाट कम्बोजतिर लाग्यो। उसको साथमा एक ब्राम्हण र ५०० मानिसहरू पनि थिए। जांदाजाँदै इक मरुभूमिमा आईपुगे। त्यहाँ उनीहरूलाई पानीको अभाव भयो। तिर्खाले मानिसहरू र पशुहरू प्राणन्त हुने स्थितिमा पुगे। उक्त समयमा एक यक्ष आएर उनीहरूलाई पानीको व्यवस्थाको साथै आवश्यक सबै खाद्यान्न व्यवस्था गरिदियो। फर्कने क्रममा अंकुरको ब्राम्हण साथीले त्यस प्रभावशाली यक्षलाई पनि जवर्जस्ती संगै लान प्रयास गऱ्यो। अरूहरूले उसको कृतघ्न कार्यकलापलाई निन्दा गरी जो यक्षले तिर्खाएकाहरूलाई पानी र खानपानको व्यवस्था मिलाएर जीवन दान दिनु भयो। उसलाई जवरजस्ती गर्नु हुदैन भनेर प्रतिकृया दिनुभयो। तर ब्राम्हणले उपमा दिई जुन रुखले शीतलता दिन्छ, फल दिन्छ, आवश्यक भएमा त्यस रुखलाई काटेर प्राप्तभएको काठबाट पनि फाईदा लिन जान्नुपर्दछ भन्दै धूर्ततापूर्ण कुरा गऱ्यो। तर अधिकाश मानिसहरूले ब्राम्हणको उक्त कुराको विरोध गर्दै जुन रुखले शीतलता दियो, फलहरू दियो त्यसलाई काट्नु हुँदैन बरु रक्षागर्नु पर्दछ भन्दै ब्राम्हणको प्रतिवाद गर्नु भयो। यस प्रसंगको बर्णन गर्नुहुँदै सम्यकसम्बुद्धले रुखलाइ रक्षागर्नुपर्ने कुरालाई महत्व दिनुभएको थियो।

पालि साहित्यमा रुखमा देवताको बासहुने कुरा उल्लेख गरेको छ। जातक अट्ठकथाको करिब ५५० जातक मध्ये बोधिसत्वले करिब दुई दर्जन भन्दा बढी पटक बृक्षदेवता भएर जन्मनु भई सम्यकसम्बुद्धत्वको लागि पारमिता पुरा गर्नुभएको उल्लेख छ। मनुष्य जीवनमा पुण्यकर्म गरेमात्र बृक्षदेवता भएर जन्महुने कुराले पालि साहित्यमा रुखलाई धेरै महत्व दिएको र त्यसलाई संरक्षण गर्नुपर्ने पक्षमा रहेको स्पष्ट हुन्छ।

◆

## 'बुद्ध छ्यंगु किपा न्हयने जक ब्वया तल'

✍ रोशन बज्राचार्य

जन्म जुल बुद्ध नेपालय्
हेतु वसफोल खंका बिज्यात
दु:ख विषमता व विनास नं।
छायधासा न्हयाथाय् नं अनित्यगु
चर्तुथ आर्यसत्य या कारण दु:ख झीगु
फेने मफयेका च्वन सिल मधुइका
पञ्चशील व आर्यअष्टांग मार्गया अज्ञान।
विश्व शान्तिया झण्डा गौतमं
ब्वयेका बिज्यात ख: न्हयाथाय्नं
असमानता शोषण व विष्फोटनं
उकी ज्या खेले मदु पासा झीसंउनं।
पुना छ्वयेमागु अन्धविश्वास व शोषण
न्ह्याके मागु ख: मानव रथनं
सिकी झीसं निर्वाण जुल व बुद्ध
विश्व कल्याणया लँपुइ बांलागु शील।

◆

# मानव समाजको विकास ३

✍ सं. चन्द्रबहादुर उलक

## नयाँ जनवाद वा नयाँ प्रजातन्त्र

पूँजीपति वर्गाले सामन्त र राजा-महाराजाको एकतन्त्री हुकुमी शासनलाई पल्टाई दियो । ठूला ठूला व्यापारी, वैंकपति, खानी, कल-कारखाना, रेल, मोटर, जहाजका मालिक र पूँजीपतिवर्गले शासन सत्तालाई आफ्नो हातमा लियो । बन्द व्यापार बढाउन कल-कारखाना खोल्न र त्यसलाई विकास गर्न सवै चाँजो पाँजो मिलाई दियो । मजदुर वर्गलाई चुस्ने सबै प्रकारको स्वतन्त्रता दियो । नाफा खाने र व्यक्तिगत सम्पति राख्ने र बढाउने अधिकारलाई सुरक्षा गऱ्यो । सम्पति राख्न पाउँदैन भन्ने विचारलाई दबाई दियो । पूँजीपति वर्गको यस्तो हुकुमी शासनलाई 'प्रजातन्त्र वा जनवाद' भन्ने चलन छ । बेलायत, फ्रास, जर्मनी, सं.रा. अमेरीका, जापान, भारत आदि देशहरूमा त्यस्तै प्रजातन्त्र चलन चल्तिमा छ । त्यसलाई संसदीय प्रजातन्त्र वा बहुदलिय व्यवस्था पनि भन्ने गरिन्छ । त्यस्तो व्यवस्था भएको देशमा राजनैतिक दल या संगठनहरू खोल्न पाइन्छ । ती मध्य चुनावमा बहुमत ल्याउने संगठनले सरकारको गठन गर्छ । अरू संगठनले त्यस सत्ताधारी दललाई मनपरी गर्न दिदैन । त्यसबाट देश र जनतालाई फाइदा हुन्छ । जनताले बोल्ने, लेख्ने, घुम्ने, जुलुस प्रदर्शन गर्ने अधिकार पाउछ । तर निर्दशीय व्यवस्था भएको देशमा दल खोल्न पाइन्दैन । जनतालाई संगठित हुन दिदैन । संग ठित नभएको जनताको शक्ति हुदैन । व्यक्ति व्यक्तिको समर्थनया विरोधको कुनै मूल्य हुदैन त्यस्ले गर्दा सरकारले मनपरी गर्छ । त्यस्को विरोध गर्नेलाई दमन गर्छ, जसरी पञ्चायतले गरेको थियो ।

फ्रास, जर्मनी, स.रा. अमेरीका र भारतमा शासनको सब भन्दा माथिल्लो ओहद्दामा राष्ट्रपतिको व्यवस्था छ । बेलायत र जापानमा भने राजाको चलन बाँकी नै छ । तर ती राजाले पूँजीपति वर्गले दिएको खान्छन् र अऱ्हाएको गर्छन । यसकारणले ती राजालाई 'पूँजीवादी राजा' चलन छ । त्यो राजतन्त्रलाई वैधानिक राजतन्त्र र सीमित राजतन्त्रपति भन्ने गर्छन । संवैधानिक राजतन्त्रमा राजालाई मनपरी गर्ने छुट हुदैन । राजाको अधिकार संविधान या कानूनले तोकिदिएको हुन्छ । राजाले संविधान रद्द गर्न सक्दैन । राजा भन्दा संविधान माथि हुन्छ । यस्तो बन्दोबस्त भएको देशमा शासन राजाले गर्दैन । जनताले छानेका जनप्रतिनिधिहरूले गर्छ । तर निरंकुश राजतन्त्रमा शासन राजाले नै गर्छ । निरंकुश राजतन्त्रमा जनतालाई अधिकार हुदैन । सबै अधिकार राजामा सीमित हुन्छ । राजाको शक्ति असीमित हुन्छ र मनपरी शासन गर्छ । कुनै पनि कानूनले उस्लाई छुन सक्दैन । उ कानुन भन्दा माथि हुन्छ ।

पूँजीवादी सरकारको माथिलो ओहदामा राष्ट्रपति होस् वा राजा-रानी, काम भने पूँजीपति वर्गकै फाइदाको निम्ति गरिन्छ। यसकारण ती प्रजातन्त्रलाई पूँजीवादी प्रजातन्त्र भनिन्छ। आज भोली त्यसलाई पुमनो प्रजातन्त्र भन्ने चलन छ। त्यस पुरानो प्रजातन्त्रमा रशेका मजदुर वर्ग आफ्नो देशमा समाजवादी व्यवस्था कायम गर्न लड्छन।

तर चीन, कोरिया, भियतनाम, लावश र कम्बोडिया जस्ता देशका जनता शुरूमा नयाँ जनवाद वा नयाँ प्रजातन्त्रको निम्ति लड्छन। पहिलो ती देशहरूमा वेलायता, फ्रास, स.रा. अमेरीका, जापान, जर्मनी, रूस, पुर्तगाल आदि साम्राज्यवादी देशहरूले थिचो मिचो गरी राखेका थिए। ती देशहरूमा हुकुम चलाई राखेका थिए। फेरी ती देशहरूमा राजा-महाराजा, सामन्त र जमिन्दमर वर्गले साम्राज्यवादीहरूलाई मलत गर्थे। तर साम्राज्यवादीहरूले उपनिबेश देशहरूमा आफ्नो कल-कारखान, रेल, मोटर, खानी र बैङ्कहरू खोलेर जनतालाई चुस्थे। आफ्नो देशको तयारी सामान महंगोमा वेचेर सस्तोमा त्याहँको काँचो सामान लैजान्थे। यसले त्यस उपनिवेश देशका व्यापारी, साहु-महाजन र पूँजीपति वर्गलाई मका पर्दथ्यो। तिनीहरूको ब्यापार र काम काज तल गर्दथ्यो। यसकारण तिनीहरू साम्राज्यवादको विरोधमा लड्थे। यस्तो पूँजीपति वर्गलाई 'राष्ट्रिय पूँजीपति वर्ग' भनिन्छ। विदेशी पूँजीको स्वार्थको निम्ति काम गर्ने वा विदेशी पूँजीबाट नाफा खाने र आफ्नो देशको विरोधमा काम गर्नेलाई 'दलाल पूँजीपति वर्ग' भनिन्छ।

सामन्ति, अर्ध-सामन्ति, उपनिबेश र अर्ध-उपनिवेश देशका ती जनताले राष्ट्रिय मुक्तिको निम्ति सशस्त्र संघर्ष गरे। त्यस मुक्ति संघर्षको दोहोरो भार थियो। एकातिर त्यसको मुख्य भार साम्राज्यवादको विरोधमा थियो। अर्को धार सामन्तवाद विरोधी किसान आन्दोलन थियो। त्यस दोहोरो धार भएको मुक्ति संघर्षलाई जित्नको निम्ति सर्वहारा वर्गले मात्रै नेतुत्व गर्न सक्दथ्यो। यसकारण सर्वहारावर्गले किसान जनतासंग एक भएर राष्ट्रिय पूँजीपति वर्गलाई पनि संघर्षमा साथ लियो। त्यस क्रान्तिको उद्देश्य देशमा नयाँ प्रजातन्त्र वा नयाँ जनवाद कायम गर्नु थियो। बेलायत, सं.रा.अमेरिका र फ्रासको क्रान्तिहरूले स्थापना मरेका जस्तो पूँजीवादी या पुरानो प्रजातन्त्र ती देशहरूमा लागू हुँदैन। त्यस्त पूँजीवादी देशका मजदुरवर्गको जस्तो समाजवादी संघर्षको निम्ति परिस्थिलि तयार भई सकेको हुन। पूँजीवादी देशमा कल-कारखाना र उद्योग धन्दाको धेरै विकास भै केको हुन्छ। यातायात र बैंक व्यवस्थाको विकास भै सकेको हुन्छ। छोटोमा देशको अर्थतन्त्र केन्द्रीत भै सकेको हुन्छ। मजदुरवर्ग पनि धेरै अगाडि बढी सकेको हुन्छ। तर सामन्ति, अर्ध-सामन्ति, उपनिवेश र अर्ध उपनिवेश देशमा अर्थतन्त्र स्यति विकास भै सकेको हुन्दैन। पुरानो खेती व्यवस्था र स्थानीय उद्योग धन्दाको प्रमुखता रहेको हुन्छ। केन्द्रीय र राष्ट्रिय पूँजीको राम्रो विकास हुन पाएको हुन्दैन। यसकारण ती देशहरूमा तुरन्तै समाजवाद लागु गर्नको सट्टा नयाँ प्रजातन्त्र लागु गर्न आवश्यक भएको हुन्छ। मजदुर र किसानहरूले आफुलाई तयार गर्दै लाने मौका पाउँछन् र समाजवादको बाटोमा लाग्ने तयारी गर्छन।

नयाँ प्रजातन्त्र र पुरानो प्रजातन्त्र केही मुख्य मुख्य भेद छन। पुरानो प्रजातन्त्रमा शासन

सत्ता पूँजीपति वर्ग र सामन्त वर्गको हातमा हुन्छ । नयाँ प्रजातन्त्रमा शासन सत्ता मजदुर किसान र क्रान्तिकारी वर्गको हातमा हुन्छ ।

पुरानो प्रजातन्त्रमा कल-कारखाना, खानी, बातायात र उद्योग सारा उत्पादनका साधन ब्वक्तिगत र विदेशी पूँजीको स्वामित्वमा बाँधिएको हुन्छ । नयाँ प्रजातन्त्रमा मुख्य-मुख्य र ठूला ठूला बैंक कल कारखाना, उद्योग, खानी, रेल र हवाई जहाज आदि यातायात र उत्पादका साधनहरूलाई राष्ट्रियकरण गर्छ वा जनताको स्वामित्वमा राख्छ । जनताको जीवनमा प्रभुत्व कायम नगर्ने दर्जाको उद्योग मात्र व्यक्तिको मातहतमा छोडि दिएको हुन्छ । तर विदेशी पूँजी भने राष्ट्रियकरण गर्छ । पुरानो प्रजातन्त्रमा मजदुरहरूलाई मनपरि ज्याला दिइन्छ, उत्पादनमा पनि मनपरि गर्छ । भाउ तोक्ने अधिकार मालिकहरूलाई हुन्छ । नयाँ प्रजातन्त्रमा ती कुराहरूलाई नियन्त्रण गर्छ । जग्गामा जसको जोत उसको पोत गर्छ । अर्थात सामन्त जमिन्दारहरूको जग्गा जफत गरि जग्गा नहुने वा थोरै जग्गा हुने किसानहरूलाई बाँडेर दिन्छ । व्यक्तिगत पूँजीलाई हदवन्दी गरि दिन्छ । छोटोमा, नयाँ प्राजातन्त्रले गाउँको सामन्ति सम्वन्धलाई ध्वस्त पार्छ । जग्गाको स्वामित्वमा समानता ल्याउँछ । व्यक्तिगत पूँजीलाई नियन्त्रण गर्छ । पूजीँवादी व्यवस्थाको विकासमा रोक लाग्छ । समाजवादको निर्माणको निम्ति परिस्थिति तयार पारि दिन्छ ।

पुरानो प्रजातन्त्रमा कला र साहित्यले राजा महाराजा, शोषक र पूँजीपति, बाबु साहेब र मैयाहरूको गुण-गान गर्छ, फोहर र नाँगो संस्कृतिको प्रचनर गर्छ । साम्राज्यवादी र उपनिवेशवादी शिक्षा र संस्कृतिको विकास गर्छ । आफ्नो देशको मजदुर किसान र कामदार जनतालाई हेला गर्छ । नयाँ प्रजातन्त्रमा साहित्य र कलाले सामन्ति उपनिवेशवादी संस्कृतिलाई खण्डन र निन्दा गछ, कामदार जनताको गुण-गान गर्छ ।

यसप्रकार सामन्ति, अर्ध-सामन्ति, उपनिवेश र अर्ध उपनिवेशका जनताको क्रान्तिको एक खुडकिल्लो नयाँ प्रजातन्त्र हो । नयाँ प्रजातन्त्र पूँजीवादी व्यवस्था भन्दा प्रगतिशील र समाजवाद भन्दा एक खुडकिलो तललो हुन्छ । नयाँ प्रजातन्त्रको सफलताले समाजवादको ढोका खोल्छ ।

◆

# लुम्बिनीयात

✍ कविवर सिद्धिचरण श्रेष्ठ

लुम्बिनि, छंगु सुन्दर ख्वा: जिं आ: तक नं मखनानि,
इतिहास स्वयं त:मि जूगु उगु रत्न-धुकू मखनानि ।
स्व थना तैगु दु तर जिं आशा वेतिनि वेतिनि छंथाय्,
श्रद्धाया ख्वबि धरधर हाय्का याय्तिनि जीवन धन्य ।
दलित पतिततय् दु:ख थ:याना शुद्धगु चेतन घाना,
लुम्बिनि, छन्थाय् वेतिनि वेतिनि त्वन्यत व मैत्री करूणा ।
हे लुम्बिनिया फगु, निभा:, सुपाँय्, फंग:, स्वाँ, सि व लापा,
छिमित छको जि मानि नाप लाय् जीवन-ज्योती न्ह्याका ।
पूर्व रवि थें हवकुगु छिमिसं शुद्धम्ह गौतम बुद्ध-
वृद्धत्व व रोग मृत्यु त्याक्यगु पीयूष जगे इउम्ह ।
बुद्धं इउगु अमृत पानं उगु फ: फ: धा:गु नख:
ल:ल: धाय्का स्वइतिनि जगतं जूगु तथागत बुद्ध ।
जगया प्राणी फुलसित स:पौ फीगु मिलनया वीत,
जिगु थुगु कविता इना बिया जिं स: थें ज्याना छन्द ।

*'धर्मोदय' वर्ष-६, अङ्क-२ (दिसेम्बर १९५२)*

◆

# प्राचीन ऐतिहासिक बौद्ध गाथाहरू !

प्राचीन कालमा उपत्यकाको जलाशयको पानी निकास गरेर
मानव बस्ती बसाउने महामञ्जुश्री ।
विश्व शान्तिका महानायक गौतम बुद्ध जन्मेको
यो धर्तीको एक मनमोहक पवित्र भूमि लुम्बिनी ।

शाक्य वंशको ज्योति
गणतान्त्रिक राज्य कपिलवस्तुका महाराज शुद्धोनेदन
यो शान्ति भूमिका एक बौद्ध आदर्श नारी ।
एसियाको ज्योति । सिद्धार्थको जीवन सङ्गिनी यशोधरा ।

गौतम बुद्धले उपत्यका आगमन गरेको वर्णन
किराँती नरेश जितेदस्तीको शासन कालमा भएको ऐतिहासिक घटना
यो पुण्यभूमिमा बौद्ध स्तुपको प्रतिस्थापन गर्ने
भारतको प्रियदर्शी सम्राट अशोक ।

निरङ्कुश शासक अजात शत्रुको विरोध गर्ने
मगधगण राज्यका एक सङ्घर्षशील नर्तकी आम्रपाली
राग, द्वेष र मोहले घेरिएर हिंस्रक भएका अङ्गुलिमाललाई
बोधिसत्वको ज्ञान चक्षुले अहिंसामा परिणत गराएको एक गाथा ।

जीवनको प्रत्येक पाइलामा सङ्घर्ष गरेर
आफ्नो पति र सन्तानको सेवा गर्ने लगनशील नारी पटचारा
तथागतलाई क्षीर भोजन दान दिएर
सम्यक ज्ञानको भोक जगाइदिने दयालु नारी सुजाता ।

महाज्ञानी अर्हत्‌ले ज्ञानको ज्योति प्रज्ज्वलित गरेर
बोधिज्ञान प्राप्त गरेको ज्ञानभूमि बोधगया
यो अनित्य संसारमा प्रत्येक मानवको मृत्युवरण हुन्छ
महामानव शाक्यमुनि बुद्धले कुशी नगरमा
महापरिनिर्वाण प्राप्त गरेको अमर स्मृति !

✍ न्हुछेरत्न बुद्धाचार्य
भक्तपुर, १०

# नुगःया मिखा चाल

✍ चन्द्रबहादुर उलक

कपःफुसे तयोतगु मोबाइलया सःलं चमेली तजु न्हयलं चाल। वाथाक्क दाङ भ्र्यःखापा चाय्कल। ख्यूँसे च्वं। न्हयाबलें थें सुथाय् सिया ४ इलय अलामया सः वल। दाति अरा न्हय सःवयेक देङ च्वना तिनि। व ६ ई मजुइकं दानिम्हा मखु।

ख्वः सिले धुङानि चमेली तःजुं पुजा भु सिल। थौं विहारे वाङ भगवान बुद्धया पुजा यायेगु हैं। उकिं पुजा यायेता मगु स्वं, सिन्ह व कीग ज्वलंछि पुजाभलय् छसिकाथं तल। वाय्गु ख्वः न्हिलां प्याः। भगवान बुद्धयाता बिधिपूर्वक पुजायाङ दुःखं मुक्त जुयेगु वाय्गु इच्छा खः।

- न्हयो वनिला छि ? दाङ दिसँ। थौं स्वाँया पुन्हि। थुसु थुसु मोस ततं न्हयः सः वयेक घङ च्वंम्हा थः भतयाता थानेगु कुतःयात। दाति अरा न्हयलं मच
- न्हयो वःनिला छि ? दाङ दिसँ। दाति अरा न्हयलं चाल।
- थौं स्वाँया पुन्हि। बुद्ध जयन्ति। लुमांसे वला छिता ? भ्री नेम्हां विहारे वाङ भगवान बुद्धया दर्शन यो वानेगु मति तयागु। भ्रायेगु मखुला ? मेबलय् विहारे मवांसां थौंया दिने वाने बलय् दाछि तकया पापं मुक्त जुइगु हैं। उकिं दाङ दिसँ। नापां भगवानया दर्शन यो वानेनु। तजु न्याकुं न्याकुं कायो दाति अराता इनाप यात।
- वाँतुं वाने मगु खः। छुयाय् छुयाय्। तीजक फ्यतुङ दाति अरां मवांसे मज्यूगु ज्या लुमांकसे लिसः बिल। गथे छुयाय् छुयाय् धाय्गु ? योसा भ्राय्गु मंम्रुसा मभ्राय्गु। अथे नुगः स्वय्के मज्यु। भतिचा भ्रर्के जुयो तजुं थःगु विच प्वंकल।
- खः लछिहाँ निसें इनिइनि जुयो च्वंम्हा हरि नारांचाय् मिसा थौं अस्पतालय् यंकय् मगु तिनि।
- यंहे यंकिनि भतम्हा सिनं।
- वाय् सुं दःगु मखु याकचा मनू। दतां फुतां नेम्हा त्यपुचा जक। दाजु किजा सुं दःम्हा मखु। दःसां छुं ज्या वःपुं नं मखु। दःपाखय् जक स्वइपुँ। मरु पिंता गन्ता मरुपुँ। थःजक नय् थःजक पुनय् दःसा सुं म्वपुँ। थः वं जक गाक च्वनिपुँ। सुनं स्वइगु वाता ? हरि नारांचा व जि मचांनिसेया पासा खः। वाय्गु घः जिं सिया, जिगु घ ः वं स्यू। जिता ध्वाःसा व खःसा वाता घ्वाःसा जि खः। उकिं भगवान

बुद्धया दर्शन यो वाने मखुत । छ जक हुँ । दाति अरां असमर्थता प्वंकल ।

- थौं छक नापां ह्यकय् वाने धायां ....................! चमेली तजु तंचाल । भत नापां नापां चा:हिउ वानेगु मनसुवा पू वानिगु मखुत । योसा वा ! मयसा म्वल ! धाधां चमेली तजु कोथां प्याहाँ वान ।
- अथे सुथाय निसे तं चाय् मज्यू मिसा । दाति अरां सम्भेयात
- छु लय सा ? जन्मे छक नापां प्याहाँ वाने धायां कर्क्यागु ज्या यो वाने मानि हँ । चमेली तजुया ख्वखना स: पिहाँवल
- छ तं च:सां ल्वगि त्व:त भगवान बुद्धया पुजा यो वाने मखु । जियां धर्म धायगु नं मस्या पाप धायगु नं मस्या । जिं स्वयवले भगवानया पुजा कन्हय् योसां ज्यू । ल्वगिता अस्पताल यंकेगु लिपा लाके मज्यू । जियां हरि नारांचा थाय् वानेगु ।
- झासँ । लाँ तप्यं । जिं पाङागु मरु !

चमेली तजु पुतु पुतु हाहां वस:पुन । वयागु ङतपाँय् तम्हं हयाउँसे च्वन ।

नेम्हा त्यपुया विवाद यायां द्य: तुइल । त:जु फयां फक्व समा याङ विहार पाखे स्वयो वान ।

विहार पञ्चशीलया प्रार्थनाया सलं गुञ्जायमान जुयो च्वन -

बुद्धशरणं गच्छामि
धम्मं शरणं गच्छामि
संघं शरणं गच्छामि......।

मनूत मो मो द: । गुम्हां मिखा तिसिङ शील प्रार्थना याङ च्वनसा गुम्हां बुद्ध मुर्तिया हने ध्यान याङ च्वन । वातावरण म्हारें न्हयायपुसे च्वं सकल मनु तय्गु ख्व:चकां । थय्क स्वयबले सुयागुं नुगलय पीर मरु थे च्वं । दु:खया भाव खाने मरु । बुद्धया मूर्ति क्वसं शान्त मुद्राय विहारया भिक्षुं उपासक उपासिका पिंता धर्म देशना वियो च्वन ।

उपासक उपासिकापुं !

थौया न्हिस यक्व यक्व मनुतय्सं थ:गु गच्छे काथं स्वं, सिन्ह व कीगलं भगवान बुद्धयाता पुजा याङ थ:गु मन शान्त याई । थ्व नं भगवान बुद्ध प्रतिया आस्था ख: । थ्व स्वयोनं त:धांगु आस्था बुद्धया वचन व्यवहारे छ्यलसा समाजय् दुने शान्ति निस्वाई । सकल मनु दु:खं मुक्त जुई ।

बुद्धं धायो विज्यात-हिंसा याये मज्यू ! थुकिया अर्थ ख: । सुयागुं नुगलय घ: लाइगु ज्या मयायेगु । अले हकनं धायो विज्यात-तृष्णा याये मज्यु । थुकिया अर्थ ख : लोभ मयायेगु । लोभ यात कि दु:ख जुई । थ:गु जक स्वार्थ मस्वयेगु ! अय्ला थौँ त्वङ मजुयेगु ! थ:गु नुगलय मभिंगु विच:मवय्केगु ! ल्वगि व अशक्त मनु तय्गु सेवा यायेगु । झीसं थज्यगु काथं व्यवहार सय्के फतध:सा धात्थे खय्क भगवान बुद्धया पुजा यागु जुई । झीसं बुद्धयाता पुजा जक यायेगु मखु । बुद्धं व्यूगु शील व्यवहारे छ्यलेगु हे धात्थेगु बुद्धया पुजा ख: । भिक्षुया धर्म देसना न्यन्यं चमेलीया म्हा पिइसे च्वङवल । थ: भत नापां जूगु कचकच लुमांकसे प्रायश्चित यात । अले थ:गु नुग:या मिखा चायेक हरि नारांया छेँ पाखे पला:न्हयाकल ।

◆

# हार्दिक मङ्गलमय शुभकामना

बौद्ध साहित्यिक त्रैमासिक पत्रिका अर्हतको
प्रगतिको लागि कामना गर्दछौं ।

अध्यक्ष
नातिभाइ ह्योम्बा

**भक्तपुर इँटा उद्योग व्यवसायी संघ परिवार**
लिबाली-८, भक्तपुर

# हार्दिक मङ्गलमय शुभकामना

बौद्ध साहित्यिक त्रैमासिक पत्रिका अर्हतको प्रगतिको
लागि कामना गर्दछौं ।

**भक्तपुर ट्रक व्यवसायी संघ परिवार**
लिबाली-८, भक्तपुर

# हार्दिक शुभकामना

**प्रो. रामप्रसाद किसी**

**मो. ९८५१०४४३७३**

बौद्ध साहित्यिक त्रैमासिक पत्रिका अर्हतको प्रगतिको
लागि कामना गर्दछौं ।



**माटो चाहिएमा सम्झनुहोला ।**



- डी.पी.सी. तथा जग्गा पूर्न र इँटा भट्टाको लागि माटो चाहिएमा सम्झनुहोस् ।
- निर्माण सामग्री र निर्माण साधनको लागि सम्पर्क गर्नुहोला ।

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका '**अर्हत्**' त्रैमासिक को वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

*साथै*

निरन्तर प्रकाशनको लागि लेख–रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

Email: arhattraimasik@gmail.com